# बारबर्दिया नगरपालिकाको कृषि व्यवसाय प्रवर्द्धन ऐन, २०७४

**नगरसभाबाट पारित मितिः २०७४।११।१४**

**प्रस्तावनाः**

बारबर्दिया नगरपालिका क्षेत्र भित्रको कृषिको व्यवसायीकरण गर्न,कृषि व्यवसायको प्रवर्द्धन एवं व्यवस्थापन गर्न, कृषक एवम् कृषि व्यवसायीबीच आपसी सम्बन्ध सुदृढगर्न तथा कृषि खेतीका लागी जग्गा करारको माध्यमबाट उत्पादन बढाउन र बजारीकरणद्वारा व्यवसायिक रुपमासमग्र कृषि विकासका लागि आवश्यक कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले,

बारबर्दिया नगरसभाले नेपालको संविधानको धारा २२६ र स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ बमोजिम बारबर्दिया नगर सभाले यो ऐन बनाएको छ।

## परिच्छेद १

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "नगरपालिकाको कृषि व्यवसाय प्रवर्द्धन ऐन, २०७४" रहेकोछ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषा** : विषय वा प्रसँगले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "सभा" भन्नाले बारबर्दिया नगरपालिकाको नगरसभालाई सम्झनुपर्छ।

(ख) "नगर प्रमुख" भन्नाले नगरपालिकाको मेयर सम्झनुपर्छ।

(ग) "नगरपालिका" भन्नाले बारबर्दिया नगरपालिका सम्झनु पर्छ।

(घ) "कार्यपालिका" भन्नाले बारबर्दिया नगरपालिकाको नगर कार्यपालिका सम्झनुपर्छ।

(ङ)"प्रमुख प्रशासीय अधिकृत" भन्नाले बारबर्दिया नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई जनाउदछ।

(च) "शाखा" भन्नाले बारबर्दिया नगरपालिका अन्तर्गतको कृषि बिकास शाखालाई जनाउँदछ।

